# जिल्ला प्रशासन कार्यालय काठमाडौं

## <u>इजलाश</u>

## प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

## <u>फैसला</u>

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३६/७२(**हातहतियार**)

<u>दर्ता मिति</u> :– <u>२०७०/०८/०९</u>

मुद्दा :– <u>**हातहतियार खरखजाना**</u> ।

<u>निर्णय नं.२०७३</u>, <u>मिति :– २०७१/११/१३</u>

**<u>वादी</u>**

प्रहरी प्रतिवेदनले **नेपाल सरकार**.........१
निजको प्रमाण................................
साक्षी .............
कागज........................................

**<u>प्रतिवादी</u>**

किश्वर पोडेको छोरा जि. काठमाण्डौं,का.म.न.पा.१७,डल्लु बस्ने
वर्ष २४ को प्रकाश पोडे........................................................ १
रत्न पुजारीको छोरा जि. काठमाण्डौं,का.म.न.पा.१७,चमती बस्ने वर्ष
२७ को सुनिल पुजारी............................................................ १
निजको प्रमाण ...............................................................
साक्षी .........................................................................
कागज ........................................................................

**<u>यस कार्यालयबाट बुझेको</u>**

प्रमाण...........................................
साक्षीः-
कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. सशस्त्र प्रहरी वल बागभैरव गुल्म, कान्तीपथ, काठमाण्डौबाट मिति २०७०।७।१३ गते प्रहरी गस्ती टोली गस्ती गर्दै जाँदा बेलुका १८.०० बजेको समयमा काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१७, क्षेत्रपाटी चोक नजिक रहेको बाजेको चियापसल निर शंकास्पद अवस्थामा बा ३० प ४८७६ नं.को मोटरसाईकल रोकी रहेका प्रकाश पोडे र सुनिल पुजारीको शरीरको चेक जाँच गर्दा प्रकाश पोडेले शरीरको भागमा लुकाई छिपाई राखेको अवस्थामा पेस्तोल तथा गोली समेत फेला परेको हुदां कानुन बमोजिम गरी पाउ भन्ने समेत व्यहोराको स.प्र.नि सुभाष के.सी.को प्रतिवेदन ।

२ का.जि.का.म.न.पा वडा नं.१७, क्षेत्रपाटीमा मिति २०७०।७।१३ गते १८.४५ बजेको समयमा सशस्त्र प्रहरी बल, बागभैरव गुल्मबाट खटि आएको प्रहरी टोलीले प्रकाश पोडे र सुनिल पुजारी सगै रहेको अवस्थामा निजहरुको शरिर तलासी लिदा प्रकाश पोडेले लगाएको टिसर्टले छोपी पेटको भागमा घुसारी राखेको अवस्थामा Made in U.S.A auto pistol लेखिएको म्याग्जीन सहितको पेस्तोल तथा गोली राउण्ड १ समेत फेला पारी वरामद गरिएको भन्ने समेत व्यहोराको खानतलासी वरामदी मुचुल्का ।

३. निरन लामा मेरो सामान्य चिनजानका व्यक्ति हुन्, मिति २०७०।७।१३ गते निजले मलाई स्वयम्भुमा बोलाएकाले निजसंग भेट गर्दा म संग पेस्तोल र गोली छ सो सामान क्षेत्रपाटी लगी हरीश खड्गीलाई दिनु पर्ने हो, दिए वापत रु ५०,०००।-

दिन्छु भनेकाले मैले सुनिल पुजारीलाई समेत बोलाई निरन लामाले दिएको पेस्तोल तथा गोली समेत हरीश खड्गीलाई दिनको लागि सुनिल पुजारीको वा ३० प ४८७६ नं.को मोटरसाइकलमा चढी क्षेत्रपाटी स्थित बाजेको चियापसाल नजिक पुगी बसेको अवस्थामा प्रहरीले हामीलाई पक्राउ गरी उक्त पेस्तोल समेत वरामद गरेका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश पोडेले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

४. मिति २०७०।७।१३ गते प्रकाश पोडेले बोलाएका हुदा म आफु मोटरसाइकलमा स्वयम्भु भगवान पाउमा पुग्दा त्यहा प्रकाश पोडेसंग निरन लामा भन्ने व्यक्ति समेत रहेछन् निज सँग परिचय भए पछि प्रकाश पोडेले निरन लामासंग पेस्तोल र गोली छ, सो क्षेत्रपाटीसम्म पुऱ्याउने काम हो, पुऱ्याए बापत रु ५०,०००।- आउछ, सो रकम हामी २ जनाले लिने हो भने पछि निरन लामाले ल्याएको पेस्तोल तथा गोली समेत लिई मेरो मोटरसाईकलमा हामी दुबैजना क्षेत्रपाटी आई सो सामान लिन आउने हरिश खड्गीलाई पर्खिराखेको अवस्थामा प्रहरीले हामीलाई नियन्त्रणमा लिई उक्त पेस्तोल तथा गोली समेत वरामद गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी सुनिल पुजारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

५. प्रतिवादीहरु सुनिल पुजारी तथा प्रकाश पोडेको घर कोठा खानतलासी गर्दा दशी प्रमाण लाग्ने चिजवस्तुहरु फेला नपरेको भन्ने समेत को खानतलासी वरामदी मुचुल्का ।

६. मिति २०७०।७।१३ गते वेलुका क्षेत्रपाटी स्थित बाजेको चियापसल नजिक पुगेको अवस्थामा एउटै मोटरसाईकलमा प्रकाश पोडे र सुनिल पुजारीलाई प्रहरीले नियन्त्रणमा लिई चेक जाँच गर्दा प्रकाश पोडेको साथबाट पेस्तोल तथा गोली समेत फेला परेकोले प्रहरीले वरामद गरी लगेका हुन् भन्ने समेत व्यहोराको नविन मानन्धर समेतका व्यक्तिहरुले गरि दिएको घटना विवरण कागज ।

७. का.जि.,का.म.न.पा, वडा नं. १७, क्षेत्रपाटी चोक नजिक रहेको बाजेको चियापसल निर शंकास्पद अवस्थामा वा ३० प ४८७६ नं.को मोटरसाईकल रोकी रहेका प्रकाश पोडे र सुनिल पुजारीको शरीरको चेक जाँच गर्दा प्रकाश पोडेले शरीरको भागमा लुकाई छिपाई राखेको अवस्थामा पेस्तोल तथा गोली समेत फेला परेको हुदा प्रतिवादी प्रकाश पोडे र सुनिल पुजारीले अवैध हातहतियार खरखजाना बोकी हिंडेको देखिदा यी प्रतिवादीहरु प्रकाश पोडे तथा सुनिल पुजारीलाई **हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) को कसूर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम** सजाय हुन साथै वरामद बा.३० प ४८७६ नं को R15 नं को मोटरसाईकल र वरामद भएको हातहतियार खरखजना **ऐ.ऐनको दफा १६ बमोजिम** जफत हुन समेतको मागदावी लिई यस कार्यालयमा अभियोग-पत्र पेश भएको ।

८. *मिति २०७०।७।१३ गते साथी प्रकाशले ठेकेदारसँग काम गरेको रकम लिनु छ, तिम्रो मोटरसाइकलमा एक छिन जाँउ भनेकाले निजको साथमा डल्लु बस्ने मुकेश ठेकेदारकोमा गई ठेकेदारलाई भेटी प्रकाशले पाउनु पर्ने रकम लिई फर्कने क्रममा क्षेत्रपाटीनिर आइपुग्दा सादा पोशाकमा रहेका प्रहरीले मोटरसाइकल रोकी कागजात देखाउन भनेकाले हामीसँग भएको व्लुबूक थान २ सवारी चालक अनुमती-पत्र समेतका कागजातहरु देखाइ २ वटा ब्लुबूक कहाँबाट आयो भनी सोधपुछ गर्नुपर्छ भनी निहुँ खोजी हामीबाट त्यस्तो ठूलो अपराध के भएको छ ? किन आँखामा पट्टी बाध्ने भन्ने विषयमा विवाद भई प्रहरीले हामीहरुलाई जवर्जस्ती नियन्त्रणमा लिई आँखामा पट्टी बाधी शुरुमा कहीको कोठामा राखी त्यसपछि सोह्रखुट्टे प्रहरीमा ल्याएको र भोलीपल्ट हनुमानढोकामा ल्याएको हो । साथी प्रकाशबाट अभियोग-पत्र लगायतका कागजातमा लेखिए बमोजिमको हतियार वरामद भएको होइन । अनुसन्धानको क्रममा प्रहरीले म समेतलाई कुटपिट गरी आफुखुसी व्यहोरा लेखी जवर्जस्ती सहीछाप र ल्याप्चे लगाएकोले उक्त वयान मेरो होइन* भन्ने समेत व्यहोराको प्रतिवादी सुनिल पुजारीले यस कार्यालयमा गरेको वयान ।

९. *मिति २०७०।७।१३ गते ठेकेदारसँग काम गरेको रकम लिनका लागि सुनिल पुजारीको मोटरसाइकलमा एकछिन् जाउ भनी निजको साथमा डल्लु बस्ने मुकेश ठेकेदारकोमा गई मेरो ज्याला वापतको रकम लिई क्षेत्रपाटी निर आई पुग्दा सादा पोशाकमा रहेका प्रहरीले २/२ वटा सवारी चालक अनुमती-पत्र र व्लूबूक देखाउदा कहाबाट आयो भनी सोधपुछ गर्नु छ भनी आँखामा पट्टी बाधी सोह्रखुट्टे प्रहरीकोमा लगि भोलीपल्ट हनुमानढोका लगिएको हो । अभियोग-पत्रमा उल्लेख भएको निरन लामा र हरिष भन्ने मान्छेलाई म चिन्दिन,प्रहरीले आँखामा पट्टी बाँध्ने क्रममा प्रहरीसँग विवादसम्म भएको हो,पेस्तोल र गोली म बाट वरामद भएको कुरा झुट्ठा हो,म वाट कुनै अपराध कसूर भएको छैन,अभियोग-पत्र अनुसार मलाई सजाँय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश पोडेले यस कार्यालय समक्ष गरेको वयान ।

१०. प्रतिवादी प्रकाश पोडे र सुनिल पुजारीले आफुहरुसँग कुनै हातहतियार वरामद भएको होइन भनी यस कार्यालयमा इन्कारी वयान गरेको भएता पनि मिसिलसाथ संलग्न वरामदी मुचुल्का, प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष मौकामा गरेको वयान, बुझिएका मानिसले गरी दिएको कागज समेतका कागज प्रमाणबाट सुनिल पुजारी र प्रकाश पोडेको आपसी मिलेमतो र संलग्नतामा सुनिल पुजारीको वा ३० प ४८७६ नं. को मोटरसाइकलमा विना इजाजत Made In U S A Auto Pistol लेखिएको अवैध पेस्तोल थान-१ सो मा फिट भएको गोली थान-१ सहितको म्यागिजन समेत साथमा लिई हिडि अभियोग-पत्रको मागदावी अनुसार हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) र ५(१) को कसूर गरेका होइनन् भन्न सक्ने अवस्था तत्काल नदेखिएकाले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी प्रतिवादी सुनिल पुजारी र प्रकाश पोडेलाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४(क) बमोजिम पूर्पक्षको लागि थुनामा राखी कारवाही गर्नू भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०।८।११ मा भएको आदेश ।

११. *प्रकाश पोडे पेन्टिङ्गको काम गर्छन् । निजलाई मिति २०७०।७।१३ गते पक्राउ गरी सोह्रखुट्टे प्रहरीमा राखेको ठाउमा भेट्न जाँदा भेट गर्न नदिएको र मिति २०७०।७।१४ गते हनुमानढोकामा भेट्न जाँदा प्रहरीले अध्याँरो कोठामा राखी कुटपिट गरी विभिन्न कागजमा जवर्जस्ती सहीछाप गराएको भनी निजले भनेकाले वरामदी मुचुल्का लगायतका अनुसन्धानका क्रममा भएका कागजात तथा निजको दस्तखत ल्याप्चे सहीछाप इच्छा विरुद्ध गराइएको विश्वास लाग्दछ । अतयवः निजलाई झुट्ठा आरोप लगाईएकोले सफाई पाउनु पर्ने हुन्छ* भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश पोडेका साक्षी राजेन्द्र झागाजुले यस कार्यालय समक्षमा गरेको वकपत्र ।

१२. *प्रतिवादी सुनिल पुजारी अवैध हातहतियार खरखजाना साथमा लिई हिड्ने व्यक्ति होइनन् र निजबाट हातहतियार खरखजाना वरामद भएको पनि होइन, अतयवः यस्तो कसूरमा निजलाई सजाय हुनु पर्ने समेत होइन* भन्ने समेत व्यहोराको प्रतिवादी सुनिल पुजारीका साक्षी माया थापाले यस कार्यालय समक्षमा गरेको वकपत्र ।

१३. *प्रकाश पोडे पेन्टिङ्गको काम गर्छन् । निज हातहतियार खरखजाना लिई हिड्ने व्यक्ति होइन, प्रहरीले चेकजाँच गर्दा प्रहरीसँग व्लुबूकका वारेमा विवादसम्म भएको हो, निजवाट कुनै हतियार वरामद भएको छैन, प्रहरीसँगको विवादले निजलाई झुट्ठा मुद्दा लगाईएकोले निजलाई सजाँय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश पोडेका साक्षी अमित शाहीले यस कार्यालय समक्षमा गरेको वकपत्र ।

१४. वरामद भएको हतियार स्थानीय स्तरमा बनेको ( Home Made ) भएको र वरामद गोली उक्त पेस्तोलबाट फायर हुन सक्ने भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदन प्राप्त भएको ।

१५. *मिति २०७०।७।१३ को वरामदी मुचुल्काको दस्तखत मेरै हो,सो दिन म समेतले प्रतिवादी सुनिल पुजारी र प्रकाश पोडेको शारिर खानतलासी गर्दा प्रकाश पोडेको जिन्स पाइन्टको कम्मरको चेपमा घुसारी राखेको टिसर्टले बाहिरबाट छोपी रहेको अवस्थामा वरामदी मुचुल्कामा उल्लेख भए वमोजिमको पेस्तोल थान १ म्याग्जिनमा फिट भएको गोली राउण्ड १ समेत वरामद भएको थियो । तत्काल सोधपुछको क्रममा प्रतिवादी सुनिल पुजारी साथी भएको र निज समेतको सल्लाहले उक्त हतियार समेत साथमा लिई हिडेको भन्ने प्रतिवादीहरुको मौकाको भनाई रहेको थियो । सशस्त्र प्रहरीको टोलीले प्रतिवादी प्रकाश पोडे र सुनिल पुजारीलाई का.जि.,का.म.न.पा.-१७ क्षेत्रपाटी चोकमा फेला पारी पक्राउ गरी राखेको छ भनी जानकारी गराए पछि, कार्यालयबाट मलाई समेत खटाई सोही ठाउमा १८.४५ बजेको समयमा प्रकाश पोडेले बोकेको पेस्तोल,म्याग्जिन र गोली सहित पक्राउ गरी खानतलासी/वरामदी मुचुल्का गरी दशीको हतियार सहित पक्राउ गरिएको हो । प्रतिवादीहरुसँग हामी प्रहरी कर्मचारीहरुको कुनै पनि विषयमा विवाद भएको छैन,खानतलासी वरामदी मुचुल्का घटनास्थालमा नै बसी तयार गरिएको हो । क्षेत्रपाटी चोक जस्तो बीच बजार र भिडभाड भई रहने ठाउँ भएकोले आँखामा पट्टी बाँध्ने काम गरेको छैन । पक्राउ पछी प्रतिवादीहरुलाई स्वास्थ्य परीक्षण गराइएको हो* भन्ने समेत व्यहोराको वादी पक्षका साक्षी एवं प्र.स.नि.शेरबहादुर पराजुलीले यस कार्यालय समक्षमा गरेको वकपत्र ।

## ठहर

१६. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।७।१३ गते मेरो कमाण्डमा खटि गएको गस्ती टोली गस्ती गर्दै जाँदा बेलुका १८.०० बजेको समयमा का.जि.,का.म.न.पा, वडा नं.१७ क्षेत्रपाटी चोक नजिक रहेको वाजेको चियापसलनिर शंकास्पद अवस्थामा वा ३० प ४८७६ नं.को मोटरसाईकल रोकी रहेका प्रकाश पोडे र सुनिल पुजारीको शरीको चेक जाँच गर्दा प्रकाश पोडेले शरिरको भागमा लुकाई छिपाई राखेको अवस्थामा Made in U.S.A auto pistol लेखिएको पेस्तोल थान-१,ऐ.पेस्तोलमा फिट हुने म्याग्जिन थान १र सोही म्याग्जिनमा फिट हुने गोली राउण्ड-१ समेत फेला परेकोले प्रतिवादीहरु प्रकाश पोडे र सुनिल पुजारीलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) र ४(२) बमोजिमको कसूर अपराधमा ऐ. दफा २०(२) बमोजिम सजाँय गरी वरामद हतियार र मोटरसाईकलसमेत ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१७. यसमा प्रतिवादीहरुले अभियोग माँगदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१८. मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०।७।१३ गते बेलुका १८.०० बजेको समयमा का.जि.,का.म.न.पा, वडा नं.१७, क्षेत्रपाटी चोक नजिक रहेको बाजेको चियापसलनिर शंकास्पद अवस्थामा वा ३० प ४८७६ नं.को मोटरसाईकल रोकी रहेका प्रकाश पोडे र सुनिल पुजारीको शरिरको चेक जाँच गर्दा प्रकाश पोडेले शरिरको कम्मरको भागमा लुकाई छिपाई राखेको अवस्थामा Made in U.S.A.auto pistol लेखिएको पेस्तोल थान १, ऐ.पेस्तोलमा फिट हुने म्याग्जिन थान १ र सोही म्याग्जिनमा फिट हुने गोली राउण्ड १ समेत फेला परेको भन्ने खानतलासी वरामदी मुचुल्का भई सोको रोहवर खण्डमा यी प्रतिवादीहरु प्रकाश पोडे र सुनिल पुजारीले सहीछाप गरेका रहेछन् ।

१९. अनुसन्धानका क्रममा प्रतिवादी प्रकाश पोडेले *पक्राउ पर्नु भन्दा एक हप्ता अघि निरन लामा भन्नेसँग चिनजान भएको र सो बीचमा २ पटक हाम्रो भेटघाट कुराकानी भई २०७०।७।१३ मा निज निरनले मलाई स्वयम्भुमा बोलाई म सँग एउटा पेस्तोल र गोली छ, त्यो सामान क्षेत्रपाटी लगी हरिस खड्गीलाई दिनु, उसले रु ५०,०००।- दिन्छ भनेकाले साथी सुनिल पुजारीलाई बोलाई निरनसँग भेट गराई निरन लामाले दिएको पेस्तोल मैले नै बोकी सुनिल पुजारीको मोटरसाइकलमा चढी क्षेत्रपाटी बाजेको पसल नजिक पुगी मोटरसाइकलबाट उत्रेको अवस्थामा उक्त पेस्तोल, गोली र मोटरसाइकल प्रहरीले वरामद गरेको, उल्लेखित हतियार मबाट बरामद भएको हो* भनी वयान गरेका, अर्का प्रतिवादी सुनिल पुजारीले *प्रकाश पोडे मेरो साथी हुन्, निजले फोन गरी मोटरसाइकल लिई स्वयम्भु आउ भनेकोले म मोटरसाइकल लिएर त्यहाँ पुग्दा प्रकाश पोडे र निरन लामा सँगै रहेछन् । प्रकाश पोडेले मलाई निरन लामासँग चिनजान गराई पेस्तोल र गोली क्षेत्रपाटीसम्म पुऱ्याउन र पुऱ्याए वापत रु ५०,०००।- ( पचास हजार ) आउछ भनेकाले एउटा पेस्तोल र गोली निज निरनले प्रकाश पोडेलाई दिए र सो पेस्तोल कम्मरमा लुकाई क्षेत्रपाटी बाजेको चियापसल नजिक मोटरसाइकल रोकेर पेस्तोल र गोली लिन आउने हरिस खड्गीलाई पर्खि बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । हतियार पुऱ्याए वापतको रकम पाउने वताएकोले हतियार लिएर गएको हो, गल्ती भयो* भनी वयान गरेका र यस कार्यालय समक्षको वयानमा प्रतिवादी प्रकाश पोडेले *आफुले काम गरेको ठेकेदार मुकेशसँग ज्याला रकम लिई सुनिल पुजारीसँग निजकै मोटरसाइकलमा क्षेत्रपाटी निर पुग्दा प्रहरीले कागज देखाउन भने बमोजिम दुईवटा व्लुबूक कागज देखाउदा दुई वटा व्लुबूक कहाँबाट आयो बुझ्नु पर्छ भनी प्रहरीले म समेतलाई लगेको, अभियोगमा उल्लेख भएको हरिस र निरन लामालाई चिन्दिन, म बाट कुनै हातहतियार वरामद भएको होइन, वरामद भएको नगद, पर्स, प्रकाश देउलाको नामको परिचय-पत्र, साउदी रियाल-१ सम्म म बाट वरामद भएको हो* भनी कसूरमा इन्कार रहेका । अर्का प्रतिवादी सुनिल पुजारीले *साथी प्रकाश पोडेले ठेकेदारसँग काम गरेको रकम लिनु छ, मोटरसाइकलमा एकछिन जाउँ भनी मलाई लिएर हामी दुवै गयौं र ठेकेदारबाट पैसा लिई फर्कने क्रममा क्षेत्रपाटी पुग्दा सादा पोशाकका प्रहरीले मोटरसाइकल रोकी कागज देखाउन भन्दा हामीसँग भएको दुई थान ब्लु बूक देखाउदा दुइवटा ब्लु बुक कहाँबाट आयो सोधपुछ गर्नु पर्छ भनी लगेको । नगद र ब्लु बूक सम्म म बाट वरामद भएको हो । प्रहरीले हेर्न पढ्न नदिई कुटपिट गरी आफुखुसी व्यहोरा लेखी जवरजस्ती सहीछाप गराएको हो म बाट कुनै हातहतियार वरामद भएको होइन* भनी इन्कार रही वयान गरेका रहेछन् । **अदालत समक्ष इन्कार रहदैमा सफाई पाउने भन्ने हुदैन । अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरु छन् भने ती तथ्यहरुलाई घटनाको समग्रतासँग जोडेर हेर्नु पर्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट बोलिएको पाइन्छ (ने.का.प. २०६६, श्रावण, पृ.५४९) । यस मुद्दामा प्रहरीले प्रतिवादीहरुलाई कुटपीट गरी बयान गराएको भन्ने प्रतिवादीहरु दुबै जनाको दावी जिकिर रहेता पनि सो को पुष्ट्याँई हुने विश्वासयोग्य प्रमाण मिसिलमा देखिंदैन । **प्रहरीले प्रतिवादीलाई कुटपीट गरी बयान गराएको भन्ने कुरा पुष्टि हुने प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा अदालतमा बयान गर्दा प्रहरीले कुटपीट गरी यातना दिएको भन्ने अपुष्ट भनाईको आधारमा सरकारी वकिल समक्ष गरेको प्रतिवादीको बयानलाइ अन्यथा भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट अर्को नजिर प्रतिपादन भएको छ ( ने.का.प. २०६५, अंक-३, पृ.३२६) । अतः प्रहरीले कुटपीट गरी साविती बयान गराएको भन्ने प्रतिवादीहरुको जिकिरसँग सहमत हुन सकिएन ।

२०. प्रतिवादी प्रकाश पोडेका साथी राजेन्द्र झागाजु र अमित शाहीले क्रमसः *प्रकाश पोडे पेन्टिङको काम गर्ने व्यक्ति हुन्, निजलाई प्रहरीले कुटपिट गरी वरामदी मुचुल्का र वयानमा सहीछाप गराएको भनी मलाई भनेको र निज माथिको आरोप झुट्ठा भएकोले सफाई पाउनु पर्ने हुन्छ* भनी वकपत्र गरेका र प्रतिवादी सुनिल पुजारीको साक्षी माया थापाले *सुनिल पुजारी राम्रो चरित्र भएका मिलनसार व्यक्ति हुन्, हातहतियार साथमा लिई हिड्ने व्यक्ति होइनन्, निजलाई सजाँय हुनु पर्ने होइन* भनी वकपत्र गरेता पनि वारदातको समयमा वारदात स्थल भन्दा वाहिर रहेका साक्षीले अनुमानको आधारमा राय दिए जस्तो गरी गरेको वकपत्रलाई प्रामाणिक महत्व दिन सकिएन । वारदात, घटना प्रत्यक्ष रुपमा देख्ने वा सुन्ने साक्षीले गरेको बकपत्र मात्र प्रमाणमा लिन सकिन्छ किनकि **मौखिक प्रमाण जहिले पनि प्रत्यक्ष हुनु पर्दछ** भन्ने प्रमाण कानुनको स्थापित सिद्धान्त हो । प्रस्तुत मुद्दाका प्रतिवेदक प्रहरी सहायक निरीक्षक शेरबहादुर पराजुलीले खानतलासी वरामदी मुचुल्का बमोजिमका हतियार पेस्तोल-१ र ऐ.को गोली १ प्रतिवादीहरु बाटै वरामद भएको हो भनी यस कार्यालय समक्ष वकपत्र गरेकाले प्रमाण ऐन, २०३१ को

दफा १८ बमोजिम उक्त बकपत्रले प्रामाणिक महत्व ग्रहण गर्ने नै देखियो । उल्लेखित आधारमा विश्लेषण गर्दा प्रतिवादीहरु प्रकाश पोडे र सुनिल पुजारी दुबै जनाको सल्लाह र मिलेमतोमा पेस्तोल र गोली मोटरसाइकलमा बोकी हिडेको तथ्य स्थापित हुन आयो । प्रतिवादीहरुले आफुहरुको साथबाट पेस्तोल र गोली वरामद नभएको भनी लिएको जिकिर अन्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन सकेन । वरामद भएको हतियार स्थानीय स्तरमा बनेको ( Home Made ) र वरामद गोली उक्त पेस्तोलबाट फायर हुन सक्ने भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदन प्राप्त भएबाट प्रतिवादीहरुबाट वरामद चिज वस्तु हातहतियार खरखजाना भएको तथ्यमा विवाद रहेन ।

२१. अतः माथि विवेचना गरिएको खानतलासी वरामदी मुचुल्का, प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको वयान, वादी नेपाल सरकारका साक्षीले यस कार्यालय समक्षमा आई गरेको वकपत्र, हतियार परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न कागजातहरुका आधारमा प्रतिवादीहरु प्रकाश पोडे र सुनिल पुजारीले विना लाइसेन्स हातहतियार आफ्नो साथमा राखी, लिएर हिडी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) बमोजिमको कसूर अपराध गरेको ठर्हछ । सो ठहर्नाले प्रतिवादी प्रकाश पोडे र सुनिल पुजारीलाई ऐ. ऐनको दफा २०(२) बमोजिम जनही ३ (तीन ) वर्ष कैद हुन्छ । वरामद भई आएको पेस्तोल तथा गोली तथा सो पेस्तोल तथा गोली बोकी हिड्ने कार्यमा प्रयोग भई अभियोग पत्रसाथ पेश भएको बा ३० प ४८७६ नं. को मोटरसाइकल ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसिल

प्रतिवादीहरु प्रकाश पोडे र सुनिल पुजारी के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजहरुलाई जनही ३ ( तीन) वर्ष कैद सजाँय हुने ठहरेकोमा निजहरु मिति २०७०।७।१३ मा प्रहरीद्धारा पक्राउमा परी हिरासतमा बसेको देखिदा सोही अवधिबाट गणना गरी निजहरुलाई कैदमा बस्न कैदीपूर्जि दिनू............................................१

वरामद पेस्तोल र गोली जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी वृत्तमा लेखि पठाउनु...........................................................................२

पेस्तोल तथा गोली बोकी हिड्ने कार्यमा प्रयोग भएको वा ३० प ४८७६ नं. को मोटरसाइकल जफत हुने ठहरेको प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद गुज्रिए पछि नियमानुसार लिलाम गर्ने गरी जिन्सी धरौटमा आम्दानी बाँध्नु ...........................................................................................३

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु प्रकाश पोडे र सुनिल पुजारीलाई पुनरावेदन म्याद दिनू..................................................४

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ....................................५

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...........६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ............................................................................७

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा,
ना.सु.भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल फाल्गुण १३ गते रोज ४ शुभम् ......................